"समृद्द गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०७७/७८
चलानी नं. /Dispatch No.:-
मिति/ Date:- २०७७/११/०४

**सूचना !          सूचना !!          सूचना !!!**

**प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धी गौरीशंकर गाउँपालिकाको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/११/०४ गते**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २५८/२०७७-०७८, मिति २०७७/१०/२५ गतेको पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ (पहिलो संशोधन, २०७७ सहित) को नियम ७ उपनियम (१), प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा १८ को उपदफा (१) र (२) तथा नेपाल सरकार ( मा.मन्त्रीस्तर) मिति २०७७/१०/२२ मा भएको निर्णय बमोजिम आ.व. २०७८/०७९ को लागि १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकहरुलाई बेरोजगार सूचना प्रणाली (EMIS) मा २०७७ फागुन महिना भित्रमा निवेदन प्रविष्ट गरी सक्नु पर्ने भएकोले सम्बन्धित वडा कार्यालयले आ.व. २०७८/०७९ को लागि १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ बर्ष पूरा भई ५९ वर्ष ननाघेका बेरोजगारहरुको तपसिलमा उल्लेखित कागजात सहित निवेदन संकलन गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ । साथै बेरोजगार नेपाली नागरिकहरुले आफु स्थायी बसोबास गरिरहेको वडा कार्यालयमा गई कार्यालयले उपलब्ध गराएको फाराम (अनुसूचि १) भरी नियमानुसार बेरोजगार सूचीमा सूचीकृत हुन सम्बन्धित सवैमा यो सूचना जारी गरिन्छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूचि -१ अनुसारको निवेदन,
२. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
३. पासपोर्ट साईजको फोटो -१ प्रति (नयाँ आवेदनको हकमा)
४. बैंक खाता भएको हकमा बैंक खाता खुल्ने कागजात ।

२०७७/११/०४

प्रमुख प्रशासकीय अधिकृत

... कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत